*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ.१०८–११७*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# विश्वामित्र-मेनका खण्डकाव्यमा शृङ्गार रस

डा. सुभाषचन्द्र न्यौपाने
उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।
subashneupane953@gmail.com

## लेखसार

प्रस्तुत लेख खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त शृङ्गार रसको विश्लेषणमा केन्द्रित रहेको छ । परस्पर अनुरागमा बाँधिएका नायकनायिकाको रतिरागपूर्ण प्रेमको वर्णन भएमा शृङ्गार रस हुन्छ । रसहरूमध्ये शृङ्गार रसलाई प्रमुख मानिन्छ र यसका प्रयोगले काव्य आस्वादनीय, ग्रहणीय र गरिमायुक्त बन्न पुग्छ । कवि घनश्याम कँडेलका *विश्वामित्र-मेनका* खण्डकाव्यमा शृङ्गार रसको प्रयोग केकसरी भएको छ र यस रसको प्रयोगका माध्यमबाट काव्यमा केकस्तो भावसौन्दर्य उत्पन्न भएको छ भन्ने कुराको खोज गर्नु यस लेखको मूल उद्देश्य हो । प्रस्तुत खण्डकाव्यको रसपरक अध्ययनका क्रममा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी रसका नौओटा प्रकारमध्ये शृङ्गार रसका सैद्धान्तिक पृष्ठभूमिमा आधारित भएर सङ्कलन गरिएका गुणात्मक तथ्यलाई आधार मानेर शृङ्गार रसको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ । पूर्वीय रससैद्धान्तिक मान्यताबाट अनुप्राणित भएर लेखिएको *विश्वामित्र-मेनका* खण्डकाव्यमा शृङ्गार रसको सफल प्रयोग गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : उद्दीपन, परिपाक, विप्रलम्भ, रतिभाव, संयोग

## विषयपरिचय

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त शृङ्गार रसको विश्लेषण गर्नु नै प्रस्तुत लेखको मूल विषय हो । कँडेलका फुटकर कविता, समालोचना र खण्डकाव्यमध्ये उनको पौराणिक विषयमा आधारित *विश्वामित्र-मेनका* खण्डकाव्यको शृङ्गार रसपरक अध्ययन यस लेखको मूल क्षेत्र हो । प्रस्तुत खण्डकाव्यमा प्रयुक्त विभिन्न रसहरूमध्ये शृङ्गार रसको प्रयोग केकसरी गरिएको छ र यस रसको प्रयोगका माध्यमबाट विश्वामित्र मेनका खण्डकाव्य केकस्तो सौन्दर्ययुक्त, आस्वादनीय र ग्रहणीय बनेको छ भन्ने मूल प्रश्न बनाई सोही प्रश्नको उत्तर खोज्ने उद्देश्यले यो लेख तयार पारिएको हो । प्रस्तुत खण्डकाव्यको प्रकाशन भएको लामो समय नभएकाले यस कृतिका बारेमा गहन विश्लेषण हुन सकेको पाइँदैन । यस कृतिको प्रकाशकीय तथा भूमिकामा रहेका केही सन्दर्भहरू तथा फुटकर लेखहरूलाई नै पूर्वकार्यका रूपमा लिनुपर्ने हुन्छ । प्रस्तुत खण्डकाव्यका भूमिकामा मदनमणि दीक्षितले *विश्वामित्र-मेनका* खण्डकाव्यले पौराणिक विषयका माध्यमबाट उदात्त विचार र सौन्दर्यबोध प्रकट गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । यसै गरी नरहरि आचार्यले यस खण्डकाव्यका भूमिकामा कवि कँडेलले पौराणिक विषयवस्तु र त्यसका कठोरतालाई सरल तथा

आकर्षक बनाएर प्रस्तुत गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । सुभाषचन्द्र न्यौपानेले '*विश्वामित्र-मेनका* खण्डकाव्यको द्वन्द्वविधान' शीर्षकको लेखमा यस खण्डकाव्यमा योग र भोगको केकस्तो द्वन्द्व छ भन्ने कुराको विश्लेषण गरेका छन् । यी माथिका पूर्वकार्यका आधारमा हेर्दा यस खण्डकाव्यका सन्दर्भमा रसपरक अध्ययन हुन सकेको पाइँदैन । अत: प्रस्तुत खण्डकाव्यका बारेमा रसपरक अन्वेषण हुन बाँकी रहेकाले सोही शोधरिक्तता पूरा गर्नका लागि प्रस्तुत लेख तयार पारिएको हो । प्रस्तुत खण्डकाव्यको शृङ्गार रसपरक अध्ययन गरी यस काव्यमा रहेको सौन्दर्य, गरिमा, आस्वादनीय क्षमता आदिको निर्क्यौल गरिने भएकाले प्रस्तुत अध्ययनको औचित्य पुष्टि हुन्छ । प्रस्तुत खण्डकाव्यमा वीर, शान्त, अद्भुत र शृङ्गार रसको प्रयोग गरिएको छ । यी रसहरूमध्ये शृङ्गार रसको मात्र अध्ययन गर्नु र अन्य रसहरूका बारेमा अध्ययन हुन नसक्नु यस अध्ययनको सीमा रहेको छ । प्रस्तुत अध्ययनबाट खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्य शृङ्गार रसको प्रयोगका दृष्टिले केकति मात्रामा सार्थक छ र यस काव्यमा शृङ्गार रसलाई खण्डकाव्यकार कँडेलले केकसरी संयोजन गरेका छन् भन्ने कुराको यथार्थ कुरा प्रकाशमा आउने भएकाले प्रस्तुत अध्ययनको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययनविधि

*विश्वामित्र-मेनका* खण्डकाव्यमा शृङ्गार रसविषयक लेख तयार पार्ने क्रममा मुख्य रूपमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई उपयोग गरिएको छ । प्रस्तुत खण्डकाव्यलाई आधार मानी लेखिएका तथा शृङ्गार रसको सैद्धान्तिक अवधारणामा आधारित भएर लेखिएका विभिन्न अध्येताहरूका पुस्तक, शोधपत्र ,पत्रपत्रिका आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । उक्त खण्डकाव्यको शृङ्गार रसपरक अध्ययनका क्रममा काव्यमा अभिव्यक्त विचारमा आधारित भएर गुणात्मक तथ्यका आधारमा व्याख्या तथा  विश्लेषणविधिको प्रयोग गरी खण्डकाव्यको सूक्ष्म पठन विधिको समेत प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

रससिद्धान्त पूर्वीय काव्यसिद्धान्तको सबभन्दा पुरानो र महत्त्वपूर्ण काव्यसिद्धान्त हो । यस सिद्धान्तको चर्चा आचार्य भरतबाट प्रारम्भ भएको हो । रसका प्रकारहरूमध्ये शृङ्गार सर्वप्रमुख र सर्वश्रेष्ठ रस हो । भरतद्वारा स्वीकृत आठ रसहरूमा शृङ्गारलाई प्रधान रस मानिएको छ । आठ रसहरूमध्ये पनि मुख्य चार रसमा नै यस रसको गणना गरिएको छ । यो सबै रसहरूमा मूल वा प्रधान मानिन्छ । भरतका अनुसार शृङ्गार रस रति स्थायी भावबाट उत्पन्न उज्ज्वल स्वरूप भएको, पवित्र, शुद्ध र दर्शनीय वस्तुसँग तुलनीय रहेको छ । कामको गति प्रदान गर्ने रसका रूपमा शृङ्गारलाई लिइन्छ । काम सम्पूर्ण प्राणी मात्रको आदिम वृत्ति हो । सामान्य रूपमा शृङ्गारका कामलाई नारी र पुरुषको परस्पर आकर्षणबाट उत्पन्न हुने मानिन्छ । यस शब्दको व्युत्पत्तिगत अर्थ नै कामभावको उत्पत्ति वा प्राप्ति भन्ने हुन्छ (गड्तौला, २०७१, पृ.३१) । मानसिक रूपमा परिष्कार र त्यसतर्फका प्रवृत्तिको मूल वृत्ति भएको हुँदा शृङ्गार रस मूलत: सभ्यतातर्फ अभिप्रेरित गर्ने आदिम वृत्तिका रूपमा रहेको देखिन्छ । धनञ्जयधनिकले शृङ्गार रसलाई चिनाउने क्रममा सुन्दर देश, काल, कला, भेष एवम् भोग आदिका सेवनबाट एक-आपसमा आकृष्ट युवायुवतीमा हुने आत्माको प्रसन्नतालाई शृङ्गार भनिने कुरा उल्लेख गरेका छन् (धनञ्जय धनिक, २०६६, पृ. ७४) ।

रति स्थायी भावका लागि गति प्रदान गर्ने रसका रूपमा शृङ्गार रसलाई लिइन्छ । लोकमा यसलाई केवल यौन सुखका रूपमा वा शारीरिक आकर्षणका रूपमा मात्र नबुझियोस् भनेर भरतले यसलाई उत्तम प्रवृत्तिको आकर्षणका रूपमा लिएका छन् (भरत, सन् १९८३, पृ. ४३) । काव्यमा शृङ्गार आस्वादनको विषय भएकाले र यसले हृदयलाई उदात्त एवम् परिष्कृत गर्ने भएकाले यो उत्तम प्रकृतिको हुनुपर्ने मान्यता विकास भएको देखिन्छ । युवायुवतीका प्रणयपूर्ण क्रियाकलापले यौनाचारलाई उदात्तीकरण गर्नुका साथै मानवीय चित्तवृत्ति एवम् व्यवहारलाई परिष्कार गर्दछ । अत: शृङ्गार रस मनोवृत्तिको उदात्तीकरण, उदारीकरण र सूक्ष्म अभिव्यञ्जन हुनुका साथै मानवीय व्यवहार, सामाजिक मर्यादा आदिको परिष्कार पनि हो । शृङ्गार रस परिपाक अवस्थामा पुग्नका लागि सामाजिक, सांस्कृतिक, वैयक्तिक एवम् सबै प्रकारका उपयुक्त उपकरणहरूको आवश्यकता पर्दछ ।

विभाव, अनुभाव र व्यभिचारी भावका रूपमा परिचित उपकरणहरू मिलेर शृङ्गार रस अभिव्यक्त हुने भएकाले यसका आफ्नै प्रकारका उपकरणहरू रहेका हुन्छन् । यसका आन्तरिक उपकरणहरूमा पात्र र पात्रीय कार्यव्यापार पर्दछन् । शृङ्गार रसका उपकरण बनेका पात्रहरूमा युवा अवस्थाका नायकनायिका प्रमुख आलम्बनात्मक कारण मानिन्छन् । नायकनायिकालाई नै आलम्बन बनाएर शृङ्गार रसको बीजाधान, यिनकै क्रियाकलाप, हाउभाउ, मुखमुद्रा आदिबाट यसको विकास र उद्दीप्त वा विश्वसनीय बनाउने बाह्य उपकरणमा तदनुरूप परिवेश विन्यास महत्त्वपूर्ण कारण मानिन्छन् । चन्द्रमा, वसन्त ऋतु, बगैँचा, वन, एकान्त स्थल, नदी किनार, कोइलीको आवाज, मन्द सुगन्धयुक्त समीर, स्वच्छ आकाश आदि उद्दीपन विभाव हुन् । पात्रहरूको इसारा, छड्के हेराइ, हँसाइ, हाउभाउ, मुस्कान आदि अनुभाव हुन् । आवेग, मोह, मद, अवहित्था, औत्सुक्य, उन्माद, व्रीडा, हर्ष, धृति, चपलता आदि सञ्चारी भाव हुन् ।

शृङ्गार रसलाई नायकनायिकाको स्थितिका आधारमा संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । नायकनायिकाको अनुकूल स्थिति नै सम्भोग शृङ्गार हो । यस शृङ्गारमा दुवै साथमा हुन्छन् र मानसिक रूपमा एक-आपसमा आकृष्ट रहन्छन् । आपसमा हुने दर्शन, वार्तालाप, स्पर्श, चुम्बनजस्ता अनेक क्रियाकलापहरूले सम्भोग शृङ्गारलाई प्रकट गरिरहेका हुन्छन् । नायकनायिकाको प्रतिकूल स्थिति विप्रलम्भ शृङ्गार हो । यसमा नायकनायिका वियोग अवस्थामा रहन्छन् र मिलनका लागि व्याकुल हुन्छन् ।

नायकनायिकाको अनुकूल स्थिति संयोग शृङ्गार हो । संयोग शृङ्गारमा दुवै नायकनायिकासँगै हुन्छन् र मानसिक रूपमा एक-आपसमा आकृष्ट रहन्छन् । आपसमा हुने दर्शन, वार्तालाप, स्पर्श, चुम्बन, फकाउनु र फुल्याउनुजस्ता अनेक क्रियाकलापले संयोग शृङ्गारलाई प्रकट गरेको पाइन्छ । यसमा नायकनायिका दुवैले परिस्थिति अनुकूल भएको अनुभव गरेर निर्भय रहने वातावरण हुनु आवश्यक मानिन्छ । यसमा एकपक्षीय मात्र आकर्षण र रति हुनु हुँदैन । यस शृङ्गारमा नायकनायिकाका चित्तवृत्ति वा इन्द्रिय व्यापार बहिर्मुखी हुने गर्दछन् । मिलनको सुखानुभवमा जीवनका गम्भीर पक्ष अभिव्यक्त भएको पाइँदैन । संयोग शृङ्गारमूलक काव्यकृतिहरूमा जीवनका दर्शन, स्पर्शन, सम्भाव्यता, प्राप्ति, आनन्द आदिको गहिरो आस्वादन हुने भएकाले अभाव, अनुपस्थिति, व्याकुलता आदि पक्षको अभाव रहन्छ । मिलनका आधारमा अनेक क्रियाकलाप हुने भएकाले यो सुखानुभूति अन्यविचारशून्य र अनिर्वचनीय हुन्छ ।

नायकनायिकाको प्रतिकूल स्थिति नै विप्रलम्भ शृङ्गार हो । यसमा नायकनायिका वियोग अवस्थामा रहन्छन् र मिलनका निम्ति व्याकुल बन्दछन् । वियोगका विभिन्न कारणहरू हुन सक्छन् र त्यस्ता कारणहरूमा देवताको सराप,

समाज र संस्कृति, नायकनायिकाको मान, दम्भ, घरपरिवार, प्रवास गमन आदि अनेक हुन सक्छन् । वियोग अवस्थाका छट्पटी, गुणगान, फोटो दर्शन, अधैर्य, प्रतीक्षा, रुवाइ, आँसु, बिलौना, एकान्त बास, टोलाइ, जडवत् चेष्टा आदि अनेक क्रियाकलापहरू देखापर्छन् । *विश्वामित्र-मेनका* खण्डकाव्यको विश्लेषणका क्रममा यिनै शृङ्गार रससम्बन्धी यही सैद्धान्तिक आधारलाई उपयोग गरिएको छ ।

## नतिजा र छलफल

### विश्वामित्र-मेनका खण्डकाव्यमा प्रयुक्त शृङ्गार रस

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यका विविध सन्दर्भहरूमा शृङ्गार रस अभिव्यक्त हुन पुगेको छ । खास गरी पाँचौँ सर्गका अन्तिमबाट मात्र शृङ्गार रसको अभिव्यक्ति प्रारम्भ भएको यस खण्डकाव्यको छैटौँ सर्ग शृङ्गार रसका दृष्टिले उल्लेख्य देखिन्छ । यसै सर्गमा मेनका र विश्वामित्रको सुखद मिलन पनि भएको छ ।

#### *प्राकृतिक क्रियाकलापबाट नायकनायिकामा जागृत शृङ्गारिकता*

*विश्वामित्र-मेनका* खण्डकाव्यमा नायकनायिका मेनका र विश्वामित्रका क्रियाकलापमा मात्र होइन, प्राकृतिक वातारवणको चित्रणमा शृङ्गार रस अभिव्यक्त हुन पुगेको छ । विश्वामित्र तपस्यारत वनप्रान्तमा गएर उनको ध्यान भङ्ग गर्नका लागि मेनकाले गरेका कृत्य र त्यसबाट प्रभावित भएर विश्वामित्र बिस्तारै प्रेमाचारमा आकृष्ट भएका कुराको वर्णनमा शृङ्गार रस अभिव्यक्त हुन पुगेको छ :

तिनी नाच्थिन् गर्थिन् मधुर स्वर वर्षा पनि सँगै
अनाडी ती थाले अलि अलि गरी भिज्न त्यसमै
थियो आज्ञाकारी शिशुसरि सुतेको जुन मन
अकस्मात् थाल्यो त्यो किन किन निकै चञ्चल हुन ।
गए सोधूँ को हुन् भनीकन जसै ती ऋषिवर
त्यसैबेला बाला स्मितसहित आइन् वर वर
जुधे आँखा तिन्का मन पनि जुधे तत्क्षण त्यहीँ
जुधेकाले थाले युगल मन ती छल्कन पनि । (पृ.४५)

विश्वामित्र तपस्यारत वनप्रान्तमा उनकै नजिक गएर मेनकाले गरेको मधुर गानको नृत्यसँगै अनाडी ती विश्वामित्र पनि भिज्न थाले र उनको जुन सुषुप्त मन थियो, त्यो पनि अचानक चञ्चल हुन थाल्यो भन्ने सन्दर्भमा योगवृत्तिबाट विश्वामित्र क्रमश: भोगवृत्तिमा आकृष्ट हुन थालेकाले यहाँ मेनकालाई विषय बनाएर विश्वामित्रका हृदयमा उद्‌बुद्ध रति भाव अभिव्यक्त हुन पुगेको छ । यहाँ मेनकाको सौन्दर्य, उनका कामवासनायुक्त नृत्य र बोली उद्दीपन विभावका रूपमा आएका छन् भने कटाक्ष, हाउभाउ आदि अनुभावका रूपमा आएका छन् । चञ्चलता, उत्सुकता, अधैर्य आदि सञ्चारी भावका रूपमा देखिएका छन् । यसरी विभाव, अनुभाव र सञ्चारी भावको संयोगबाट शृङ्गार रस अभिव्यक्त हुन पुगेको छ ।

दोस्रो श्लोकमा मेनकातिर आकर्षित भएर उनको नजिक जान लागेका ऋषिकै नजिकमा मेनका आएकीले तिनका आँखाहरू तत्क्षण जुध्न पुगे र एकअर्काप्रति आकृष्ट भएको मन पनि छल्कन थाल्यो भन्ने सन्दर्भमा दुवैको मन प्रेमाचारका लागि आतुर भएकाले यहाँ पनि रति भाव अभिव्यक्त हुन पुगेको छ । यहाँ मेनका र विश्वामित्र आलम्बन विभावका रूपमा रहेका छन् भने मेनकाको कटाक्ष, हाउभाउ, उनको मृदु मुस्कान, विश्वामित्रसँगको आँखा जुधाइ, विश्वामित्रको चञ्चलता उद्दीपन विभावका रूपमा आएका छन् । त्यस्तै नायकनायिकामा उत्पन्न औत्सुक्य, व्रीडा, अधैर्य, नायिका नायकका नजिक आउनु, मीठो मुस्कान छर्नु, आँखा जुध्नु अनुभावका रूपमा देखिएका छन् भने उत्सुकता, चञ्चलता, विमोह आदि सञ्चारी भावका रूपमा देखिएका छन् । यसरी शृङ्गार रस अभिव्यक्त भए पनि यहाँ यस रसको परिपाक भने हुन सकेको पाइँदैन ।

### *विचारकमा शृङ्गारिकता*

*विश्वामित्र-मेनका* खण्डकाव्यको छैटौँ सर्गमा ऋषि विश्वामित्र र मेनकाका संवादात्मक अभिव्यक्तिमध्ये मेनकाको कथनमा शृङ्गार रस व्यक्त हुन पुगेको छ । मेनकाले आफ्ना विचार व्यक्त गर्ने क्रममा आएका निम्नलिखित अभिव्यक्तिहरूमा रतिभाव प्रकट हुन पुगेको हो :

प्राणमा छ नयाँ प्यास मनमा कुतकुती नयाँ

आएँ यहाँ पुरा गर्न चिर सञ्चित चाहना । (पृ.४८)

विश्वामित्रले मेनकालाई यहाँ तिमी किन आयौ भनी गरेका प्रश्नमा मेनका मनमा नयाँ कुतकुती भरिएकाले र प्राणमा नयाँ प्यास जागृत भएकाले तिनै लामो समयदेखि सञ्चित गरेका चाहना पूरा गर्न यहाँ आएँ भन्ने मेनकाको उक्ति भोगवासनायुक्त भएकाले यहाँ रतिभाव अभिव्यक्त हुन पुगेको छ । यहाँ आलम्बन विभावका रूपमा मेनका रहेकी छन् भने उद्दीपन विभावका रूपमा प्राणमा नयाँ प्यास जाग्नु, मनमा नयाँ कुतकुती हुनु रहेको छ । अनुभावका रूपमा मेनकाको ऋषिछेउ आगमन, उनको हाउभाउ रहेको छ भने सञ्चारी भावका रूपमा उत्सुकता, चञ्चलता आदि रहेका छन् ।

ऋषि विश्वामित्रले अप्सरा मेनकालाई तिमी कसैको स्वार्थ पूरा गर्न आएकी पो हौ कि भनेर गरेको प्रश्नमा वाध्यताले स्वर्गबाट यस धर्तीमा झरे पनि त्यही वाध्यता आज वरदान बन्यो र म हजुरतिर आकर्षित हुन पुगेँ भन्ने मेनकाको अभिव्यक्तिमा शृङ्गार रस व्यञ्जित हुन पुगेको छ :

महर्षि ! प्रेमको केही सीमा साँध हुँदैन कि

तानियो एक झल्कामै हजुरतिर जिन्दगी । (पृ.५३)

विश्वामित्रप्रति आकर्षित भएकी मेनकाले प्रेमको कुनै साँध सीमा नहुने हुनाले एक झलकमा नै विश्वामित्रतिर आफू आकर्षित भएको कुरा अभिव्यक्त गर्दा शृङ्गार रस अभिव्यञ्जित हुन पुगेको छ । यहाँ विश्वामित्रको दर्शन नै उद्दीपन विभावका रूपमा रहेको छ भने मेनका स्वयम् आलम्बन विभावका रूपमा रहेकी छिन् । विश्वामित्रको दर्शन र उनीतिर आकर्षित हुनु अनुभावका रूपमा रहेका छन् भने उत्सुकता, मोह, चञ्चलता आदि सञ्चारी भावका रूपमा रहेका छन् ।

यसप्रकार यहाँ शृङ्गार रस प्रकट नभए पनि यी विभाव, अनुभाव र व्यभिचारी भावका कारण शृङ्गार रस अभिव्यञ्जित भएको छ ।

प्रेमको वास्तविक स्वरूप कस्तो हुन्छ र प्रेमले कुन रूपमा पूर्णता प्राप्त गर्छ भन्ने सन्दर्भमा मेनकाले अभिव्यक्त गरेका निम्नलिखित विचारहरूमा संयोग शृङ्गार प्रकट भएको छ :

थालिन्छ प्रेमको यात्रा देहका द्वारबाट नै

नदेखी द्वार पुग्दैन भित्री त्यो प्रेममा कुनै । (पृ.५५)

प्रेमको यात्रा नै देहका द्वारबाट प्रारम्भ हुन्छ । देहका द्वार नै नदेखी त्यो प्रेम आत्मिक प्रेममा कसरी पुग्छ र भन्ने मेनकाको कथनले सम्भोगबाट नै वास्तविक प्रेम प्रकट हुन्छ, सम्भोगविना कसरी प्रेमले पूर्णताको अनुभव गर्न सक्छ भनी ऋषि विश्वामित्रप्रति गरेका प्रश्नमा सम्भोग शृङ्गार प्रकट हुन पुगेको छ । यहाँ मानवीय देह र देहद्वारप्रतिको आकर्षण उद्दीपन विभावका रूपमा रहेका छन् भने देहद्वारमा प्रवेश गर्ने गराउने चाहना, उत्सुकता अनुभावका रूपमा आएका छन् । त्यस्तै नायकनायिकाको सुखद मिलनपछिको आनन्द अनुभूति, हर्ष, सन्तुष्टि, आतुरता आदि सञ्चारी भावका रूपमा आएका छन् ।

### *तार्किकतामा शृङ्गारिकता*

*विश्वामित्र-मेनका* खण्डकाव्यमा मेनकाले विश्वामित्रसँग शारीरिक प्रेमको चाहना गरे पनि विश्वामित्र आफूलाई असन्तुलित हुन दिँदैनन् र आफैँभित्र प्रेमसागर भेटिने, प्रेमका लागि देहका खेल खेल्नु नपर्ने अभिव्यक्ति दिन्छन् । भौतिक शरीरमा प्रेम नभएर अन्तर्मनमा प्रेमसागर भेटिने ऋषि विश्वामित्रको विचारलाई खण्डन गर्दै मानवीय जीवनको यौवन अवस्थामा नै देहले प्रेमको याचना गर्ने कुरा प्रस्तुत गर्दै मेनकाले अभिव्यक्त गरेका निम्नलिखित अभिव्यक्तिहरूमा शृङ्गार रस प्रकट हुन पुगेको छ :

कहिल्यै ख्याल आएन के आफ्नो वयको पनि

सधैँ चाहेर पाइन्न यो जवानी र यो जुनी

फुल्दछन् फूल बेलामा बेलैमा फल्दछन् फल

जब बित्दछ बेला त्यो वृक्ष ठिङ्ग्रिन्छ केवल ।

बेलामै वयले गर्छ देहको प्रेमयाचना

बाँकी बच्छ त्यसैको नै पछि केवल सम्झना

प्रेमका कुण्डमा डुब्न नपाएपछि यौवन

विकारहरू विस्तारै थाल्दछन् भित्र थुप्रिन । (पृ. ५६-६७)

प्रस्तुत पद्यहरूमा व्यावहारिक तर्कहरू दिएर मेनकाले विश्वामित्रलाई प्रेमाचारतर्फ आकृष्ट गर्न चाहेकी छन् । मेनकाका व्यावहारिक तर्कहरूमा पनि रति भाव प्रकट हुन पुगेको छ । तपस्यारत हजुरलाई कहिल्यै आफ्नो जवानीको ख्याल आएन ? यो जवानी र जुनी चाहेर पनि फेरि पाउन सकिँदैन भन्दै मेनकाले विश्वामित्रलाई रतिका लागि आकृष्ट गरिरहेकी छन् । प्रकृतिमा फल र फूलहरू पनि उपयुक्त समयमा मात्र फुल्ने हुनाले समय बितेपछि त्यसको कुनै महत्त्व हुँदैन भन्दै मेनका विश्वामित्रलाई आकर्षित गरिरहेकी छन् । यौवन अवस्थामा प्रेमका कुण्डमा डुबुल्की मार्न नपाएपछि मानिसका मनमा विकार उत्पन्न हुने हुनाले यौवन अवस्थामा नै रति कर्ममा प्रवृत्त हुनु पर्ने विचार मेनकाले प्रस्तुत गरेकी छन् । मेनकाको यस भनाइमा रति भाव प्रकट भएको छ । यी रतिरागात्मक विचारको अभिव्यक्तिसँगै विश्वामित्रलाई मिलनका लागि आकर्षित गरिरहेकी मेनकाको कथनमा शृङ्गार रस प्रकट भएको छ । यहाँ नायक विश्वामित्र र नायिका मेनका नै आलम्बन विभावका रूपमा रहेका छन् भने मेनकाको वय, विश्वामित्रको सुगठित शरीर, एकान्त वन आदि उद्दीपन विभावका रूपमा आएका छन् । मेनकाको आकर्षक वाणी, विश्वामित्रको प्रलय, वैवण्र्य आदि अनुभावका रूपमा आएका छन् भने विश्वामित्रको धृति, निर्वेद, गर्भ, मेनकाको तर्क, आवेग, चञ्चलता, आदि सञ्चारी भावका रूपमा रहेका छन् ।

*विश्वामित्र-मेनका* खण्डकाव्यमा अप्सरा मेनकाका अनेक तर्क तथा उनको रूपलावण्यबाट प्रभावित भएका ऋषि बिस्तारै मेनकातिर आकर्षित हुँदै जान्छन् र मेनकाको प्रशंसा गर्दै आफूमा पनि रति भाव पलाउन थालेको विचार प्रकट गर्छन् । विश्वामित्रले मेनकाको रूपसौन्दर्यको वर्णन गर्ने सन्दर्भमा आएका निम्नलिखित अभिव्यक्तिहरूमा रति भाव प्रकट हुन पुगेको छ :

तिमी पियूषकी धारा तिमी नै मधुवर्षिणी ।
रूपसी कि तिमी नै हौ कुनै मादक वारुणी ।।
तिम्रो बैंसालु सौन्दर्य रहेछ कति मादक ।
मलाई पनि लागे झैँ भयो नसा अचानक ।। (पृ. ६२)

ऋषि विश्वामित्र मेनकाको रूपमा आकर्षित हुँदै तिमी पियूषकी धारा हौ, तिमी नै मधु बर्साउने मधु वारिणी हौ, तिम्रो बैंसालु सौन्दर्य यति मादक रहेछ कि ममा पनि अचानक नसा चढ्न थाल्यो भन्दै आफू कामवृत्तितर्फ आकृष्ट भएको विचार प्रकट गर्छन् । ऋषि विश्वामित्रको यस उक्तिमा शृङ्गार रस अभिव्यक्ति हुन पुगेको छ । यहाँ विश्वामित्र स्वयम् आलम्बन विभाव, मेनको रूपसौन्दर्य, उनको बैँस, मिठो बोली उद्दीपन विभाव, मेनकाको सौन्दर्य, मादकता आदि अनुभाव र उत्सुकता, अधैर्य, मोह आदि सञ्चारी भावका रूपमा रहेका छन् । मेनकाको रूप सौन्दर्यको जादुले विश्वामित्रमा सुषुप्त अवस्थामा रहेको रति स्थायी भाव जागृत भएकाले यहाँ शृङ्गार रस अभिव्यक्त भएको पाइन्छ ।

### *त्याग र समर्पणमा शृङ्गारिकता*

*विश्वामित्र-मेनका* खण्डकाव्यमा विश्वामित्र ऋषि आफूप्रति आकर्षित भएको थाहा पाएर तथा आफ्ना चाहनाहरू पूर्ण हुन कुरामा विश्वस्त भएकी मेनका आफूलाई विश्वामित्रमा सपर्पित गर्छिन् । आफू विश्वामित्रमा सम्पूर्ण रूपमा

समर्पित भएर रससिक्त हुन चाहेको विचार अभिव्यक्त गर्ने क्रममा प्रकट हुन पुगेका निम्नलिखित पद्यहरूमा रति भाव प्रकट हुन पुगेको छ :

मनका व्यग्रताबाट महर्षि मुक्ति पाउन
गर्दै छु आफूलाई म हजूरमा समर्पण
गर्नुहोस् प्रेमको वर्षा, म बनूँ रसप्लावित
रमाउन सकूँ आफ्ना सुरम्य सृजनासित । (पृ.६५)

मेनका मानसिक व्यग्रताबाट मुक्ति पाउनका लागि विश्वामित्रमा आफूलाई समर्पित गर्न चाहन्छिन् । उनी आफूमा प्रेमको वर्षा गराउनुहोस् भनी ऋषि विश्वामित्रसँग अनुरोध गर्छिन् । ऋषिबाट प्रेमको वर्षा भएपछि आफू नवसृजनामा रमाउने अभिलाषा व्यक्त गर्छिन् । यसरी मेनका भोगवासनामा लिप्त भएर सन्तान उत्पादनमा रमाउन चाहेकी छन् । मेनकाको यस किसिमको अभिव्यक्तिमा शृङ्गार रस प्रकट हुन पुगेको छ । यहाँ आलम्बन विभावका रूपमा मेनका, मेनकाले गरेका हाउभाउ, एकान्त स्थान, विश्वामित्रको रूप आदि उद्दीपन विभावका रूपमा आएका छन् भने रोमाञ्च, उत्सुकता, विमोह आदि सञ्चारी भावका रूपमा आएका छन् ।

***भोगवृत्तिमा शृङ्गारिकता***

*विश्वामित्र-मेनका* खण्डकाव्यमा मेनकाले आफूलाई विश्वामित्रमा समर्पण गरिसकेपछि विश्वामित्रमा रहेको सुषुप्त भोगवृत्ति प्रकट हुन पुग्छ र उनी पनि सम्भोगमा लिप्त हुनका लागि तयार हुन्छन् । मेनकाले आफूलाई विश्वामित्रमा समर्पण गर्दै गरेको अवस्थामा यी दुवै नायकनायिकाको क्रियाकलाप केकस्तो रूपमा अघि बढे भन्ने सन्दर्भमा कविले प्रस्तुत गरेका निम्नलिखित अभिव्यक्तिहरूमा रति भाव प्रकट हुन पुगेको छ :

बोल्दा बोल्दै मेनका मुस्कुराइन्
जे बाँकी थ्यो नेत्रले भन्न भ्याइन्
निस्क्यो क्यारे नेत्रबाटै तरङ्ग
ती योगीको चित्त नै भो भरङ्ग ।
त्यस्तै बेला रूपसी पास आइन्
योगीलाई सुस्तरी सुम्सुम्याइन्
छोयो क्यारे स्पर्शले प्राणसम्म
भो योगीको ध्यानमा रङ्गभङ्ग ।
कस्तो थ्यो त्यो स्पर्श ती कामिनीको
झड्का जस्तै थ्यो कि सौदामिनीको

के भो ! के भो ! झन्झनायो शरीर

थाले योगी बन्न झन् झन् अधीर ।

बैरागीमा राग  फेरि पलायो

पर्खाईले पूर्णता बल्ल पायो

लाग्यो होला सृष्टिलाई उदेक

थाले धर्ती व्योम नै बन्न एक । (पृ.६५-६६)

ऋषि विश्वामित्रका सामु सम्पूर्ण रूपले समर्पित हुन लागेकी मेनका बोल्दा बोल्दै एक्कासि मुस्कुराइन् र जेजे भन्न बाँकी थ्यो त्यो सबै आफ्ना नयनबाटै प्रकट गरिन् । त्यही नेत्रबाट वासनाको तरङ्ग निस्क्यो कि त्यसैबाट ऋषिको चित्त पनि भरङ्ग भयो । त्यति नै बेला मेनका ऋषिका नजिक आएर उनलाई सुस्तरी सुम्सुम्याउन थालिन् । मेनकाका स्पर्शले ऋषिको प्राणसम्म नै छोयो कि क्या रे, योगीको ध्यान नै भङ्ग भयो । त्यो मेनकाको स्पर्श विद्युत्को झड्काजस्तै थ्यो, जसले ऋषिको शरीर झन्झनायो र उनी अधीर बन्न पुगे । वैरागीका रूपमा रहेका ऋषिमा पुन: राग पलाएर आयो र मेनकाको मिलनको पर्खाइले पूर्णता पायो । यसरी स्वर्ग र धरती एकाकार भएको देखेर सृष्टिलाई नै उदेक लागेछ भन्ने कविको कथनामा रति भाव प्रकट हुन पुगेको छ । यहाँ विश्वामित्र र मेनका नै विभावका रूपमा रहेका छन् भने मेनकाको स्पर्श, सुम्सुम्याइ, ऋषिको ध्यान भङ्ग अनुभावका रूपमा आएका छन् । रोमाञ्च, उत्सुकता, तृप्ति आदि सञ्चारी भावका रूपमा रहेका छन् । यस प्रसङ्गमा पुगेर शृङ्गार रस परिपाकका अवस्थामा पुगेको छ । विश्वामित्र र मेनकाको सुखद मिलनपछि शृङ्गार रसले परिपूर्णता प्राप्त गरेकाले नै यो रस परिपाकका अवस्थामा पुगेको हो । यसरी परिपाकका अवस्थामा पुगेको शृङ्गार रस अति परिष्कृत, कलात्मक र आदर्श रूपमा अभिव्यक्त भएको छ । योगका प्रतीक विश्वामित्र र भोगकी प्रतीक मेनकाको सुखद मिलनले काव्यलाई संयोगान्तमा टुङ्ग्याएको छ । नायकनायिकाको सुखद सुमधुर मिलन भएकै कारण शृङ्गार रस परिपाकका अवस्थामा पुगेको हो ।

### *तृप्ति वा पूर्णतामा शृङ्गारिकता*

*विश्वामित्र-मेनका* खण्डकाव्यमा विश्वामित्र र मेनकाको सुखद मिलनपछिको तृप्तिका अवस्थामा अन्य कुनै पनि प्रकारका भावहरू नरहेका र शृङ्गार रसले अन्य सम्पूर्ण भावहरूलाई तिरोहित गरेकाले यी नायकनायिकाहरू आफैँमा हराएको सन्दर्भ प्रस्तुत गर्ने क्रममा अभिव्यक्ति कविका निम्नलिखित उद्गारहरूमा रति भाव प्रकट हुन पुगेको छ :

प्याली थिन् मदकी स्वयम् कि त कुनै स्वर्गीय ती अप्सरा

पैलोपल्ट पिएर नै मुनि बने बेहोस आफैँ बरा !

होसैमा तिनले पिए कि त पिए बेहोसमै वारुणी

प्यूँदा मादक रूपको मधुरता बिर्से कि हो हुँ भनी । (पृ. ६८)

विश्वामित्र र मेनकाको सुखद संयोगलाई यहाँ अति कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यहाँ विश्वामित्रसँग मेनका संभोग गरिरहेकी छन् । ती स्वर्गीय अप्सरा मेनका मदकी प्याला थिइन् । त्यो प्याला पहिलो पल्ट पिएर ती ऋषि आफैँ बेहोस् बने । उनले ती मादकतायुक्त वारणी (मेनकाको सौन्दर्य) लाई होसमा पिए कि बेहोसमा पिए । ती ऋषिले आफू को हुँ भन्ने कुरा नै बिर्सिएको सन्दर्भमा रति भाव चरम अवस्थामा पुगेको छ । यस अवस्थामा अन्य कुनै पनि भावले यी नायकनायिकालाई स्पर्श नगरेको हुनाले उनीहरूले सम्पूर्ण संसारलाई बिर्सिएर आफूलाई कामवासना तृप्तिमा पूर्ण रूपले एकाकार बनाएका छन् । यस सन्दर्भको वर्णनमा शृङ्गार रस परिपाक अवस्थामा पुगेको छ र दुवै नायकनायिकाले तृप्तिको अनुभव गरेका छन् । यसरी रति भाव पूर्ण रूपमा जागृत भई शृङ्गार रसको परिपाकका साथ *विश्वामित्र-मेनका* खण्डकाव्यको कथानक पूर्ण भएर समाप्त भएको छ ।

## निष्कर्ष

*विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त रसहरूमध्ये परिपाकका अवस्थामा पुग्न सफल रस शृङ्गार हो । शृङ्गार रसको प्रतीकका रूपमा अप्सरा मेनका रहेकी छन् भने शान्त रसको प्रतीकका रूपमा ऋषि विश्वामित्र रहेका छन् । शृङ्गार रसका माध्यमबाट कवि कँडेलले जीवनको सार्थकता योगमा होइन भोगमा रहेको तथ्य प्रस्तुत गरेका छन् । जति सुकै संयम अपनाए पनि यौवन अवस्थाका आवेगहरू कसै गरी मर्दैनन् । यौवनका आवेगहरूलाई दबाउन खोज्दा बरु त्यसबाट विकारको उत्पत्ति हुन्छ र मानिस मनोरोगी बन्न पुग्छ । त्यसैले वासनाको नियन्त्रण होइन त्यसको निकास आवश्यक छ । वासनाबाट तृप्त भएको शरीरले मात्र योगको साधना गर्न सक्छ । यदि शारीरिक वासना पूर्ण नगर्ने हो भने सृष्टिको निरन्तरता हुँदैन र यो सुन्दर सृष्टिकै अन्त्य हुन्छ भन्ने कुरा शृङ्गार रसका माध्यमबाट प्रकट गरिएको छ । नायकनायिकाको एक अर्काप्रतिको आकर्षणबाट रति भाव जागृत भई शृङ्गार रस परिपाकका अवस्थामा पुगेको छ र यस रसलाई परिपाकका अवस्थामा पुऱ्याउन नायिका मेनकाका हाउभाउ, तर्क, आवेग, चञ्चलता, उत्सुकता, रूप, सौन्दर्य, नायिकाका गुण, नायक विश्वामित्रको सुगठित शरीर, मेनकाको सुम्सुम्याइ आदिले अहम् भूमिका खेलेका छन् । अत: विश्वामित्र मेनका शृङ्गार रसको अभिव्यक्तिका दृष्टिले उत्तम खण्डकाव्य हो भन्ने निष्कर्ष प्रस्तुत लेखको विश्लेषणबाट प्राप्त भएको छ ।

## सन्दर्भसामग्री


आचार्य, नरहरि (२०६६), विश्वासका विरुवाहरू, भित्र घनश्याम कँडेल (ले.), *विश्वामित्र-मेनका,* सुभद्रा कँडेल ।

कँडेल, घनश्याम (२०६६), *विश्वामित्र मेनका,* सुभद्रा कँडेल ।

गडतौला, नारायण (२०७१), *रस र ध्वनि सिद्धान्त,* प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।

दीक्षित, मदनमणि (२०६६), अकविले कविता पढ्दा, भित्र घनश्याम कँडेल (ले.), *विश्वामित्र-मेनका,* सुभद्रा कँडेल ।

धनञ्जय धनिक (२०६६), *दशरूपकम्,* चौखम्बा प्रकाशन ।

न्यौपाने, सुभाषचन्द्र (२०७७), विश्वामित्र मेनका खण्डकाव्यमा द्वन्द्वविधान, *दृष्टिकोण,* १०(३). पृ.३५०-३६० ।

भरत (इ.१९८३), *नाट्यशास्त्रम्,* विद्याभूषण केदारनाथ (सम्पा.), भारतीय विद्या प्रकाशन ।